आज मिति २०८० साल असोज १७ गते पिपरा गाँउपालिकाको अध्यक्ष श्री रामजानकी यादव ज्युको अध्यक्षतामा कार्यपालिका वैठक बसी निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपशिलमा उल्लेखित प्रस्तावहरु माथि निर्णय गर्न छलफल गरियो।

उपस्थिति

| क.स. | पद | नम पर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री रामजानकी यादव | [signature] |
| २ | उपाध्यक्ष | श्री वन्दना पाण्डेय | |
| ३ | वडा अध्यक्ष (१) | श्री राजेश कुमार दास | [signature] |
| ४ | वडा अध्यक्ष (२) | श्री संजित कुमार यादव | [signature] |
| ५ | वडा अध्यक्ष (३) | श्री किशोरी अधिकारी | [signature] |
| ६ | वडा अध्यक्ष (४) | श्री विदेही पासवान | [signature] |
| ७ | वडा अध्यक्ष (५) | श्री हरिशंकर प्रसाद यादव | [signature] |
| ८ | वडा अध्यक्ष (६) | श्री अरुण पुर्वे | |
| ९ | वडा अध्यक्ष (७) | श्री मधुवेन्द्र झा | [signature] |
| १० | कार्यपालिका सदस्य | श्री रिता देवी | रिता देवी |
| ११ | कार्यपालिका सदस्य | श्री रामसखी देवी | |
| १२ | कार्यपालिका सदस्य | श्री लिलम देवी | लिलम |
| १३ | कार्यपालिका सदस्य | श्री शोभा देवी | शोभा देवी |
| १४ | कार्यपालिका सदस्य | श्री धिरेन्द्र महतो | धिरेन्द्र |
| १५ | कार्यपालिका सदस्य | श्री राजकिशोर भण्डारी | राजकिशोर भण्डारी |
| १६ | प्रमुख प्रशासकीय अधिकृत<br>सचिव | श्री मनिष झा | [signature] |

र्मचारी

श्री राजिब कुमार झा सूचना प्रविधि अधिकृत [signature]

Scanned with CamScanner

**प्रस्तावहरु :**

१ साक्षर नेपाल अभियानको प्रस्तावना सम्वन्धमा ।

२ एम्बुलेन्स मांग गर्ने सम्वन्धमा ।

३ धानको विउ सम्वन्धमा ।

४ रोजगार शाखा सम्वन्धमा ।

५ स्वास्थ्य शाखाका कर्मचारी व्यस्थापन सम्वन्धमा ।

**निर्णयहरु :**

१ .प्रस्ताव नं १ माथि छलफल गर्दा साक्षर नेपाल अभियान अन्तर्गत स्थानीय तहका लागि साझेदारीमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमका लागि यस गाउँपालिकाको साक्षर अभियान समितिले पारित गरेको साक्षरता अभियान् प्रस्तावना पत्र स्वीकृत गरि श्री शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी भक्तपुरमा पठाउने निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा काठमाडौं महानगरपालिकाको मिति २०८०/०६/०४ र च.नं.२५९ को पत्रानुसार गाउँपालिकाहरुलाई एम्बुलेन्स उपलब्ध गराउने योजना रहेको र यस पिपरा गाउँपालिकालाई एम्बुलेन्स अति आवस्यक रहेकोले काठमाडौं महानगरपालिका संग एम्बुलेन्स मांग गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा आ.ब. २०७९/८० मा खरिद भएको धानको विउ कृषकहरुमा वितरण भइ बाकी रहेको धानको विउ वडा कार्यालयहरुबाट संकलन गरि नियमानुसार लिलाम बिक्रि गर्ने र सोको रकम पालिकाको खातामा दाखिला गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत संचालनमा रहेको रोजगार संग सम्वन्धित (SaMi,ReMi,PMEP,MEDPA)लाई एकीकृत गरी रोजगार शाखा स्थापना गरेर एक द्वार प्रणाली बाट सेवा प्रबाह गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत कर्मचारी राजेन्द्र राय र रबि विक्रम साहलाई पिपरा जनता अस्पतालको आकस्मिक सेवामा कामकाज गर्न खटाउने र सहोडवा स्वास्थ्य चौकीमा कार्यरत बिरेन्द्र यादवलाई गा.पा. को स्वास्थ्य संयोजक भइ कामकाज गर्न तथा रतौली स्वास्थ्य चौकीमा कार्यरत बिरेन्द्र यादवलाई गा.पा. को स्वास्थ्य शाखामा कामकाजमा खटाउने निर्णय गरियो ।